९२१३/८३१

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६२९/२०७२/०७३

निर्णय नं. ८३१

जिल्ला रौतहट, पचरुखी गा.बि.स. व.नं.८ बस्ने शैलेन्द्र झा............................................१
पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, गाँउ विकास समितिको कार्यालय, पिपरिया (परोहा)रौतहट.......................१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला रौतहट, पचरुखी गा.बि.स. व.नं.८ बस्ने शैलेन्द्र झाले गाँउ विकास समितिको कार्यालय, पिपरिया (परोहा)रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिंदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाँउ विकास समितिको कार्यालय, पिपरिया (परोहा) रौतहट, गाविस सचिव एवं कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

क) आ.व. २०७०/०७१ र २०७१/०७२ विकास बजेट कुन कुन शिर्षकमा खर्च भएको छ, योजनाको नाम र कुल खर्च विवरणको ।

ख) गा.वि.स. पिपरिया (परोहा)को आ.व. २०७०/०७१ र २०७१/०७२ मा प्रशासनिक खर्च कति भयो, कुन कुन शीर्षकमा कति खर्च भएको हो, सो को विवरण ।

ग) गा.बि.स. पिपरिया (परोहा) को आ.व. २०७०/०७१ म सुनौलो हजार दिन कार्यक्रममा कति बजेट कुन कुन शीर्षकमा भएको छ, सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।